नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काठमाण्डौं

## जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालबाट जारी आदेश

काठमाडौ उपत्यकामा कोभिड १९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सतर्कता अपनाउनका साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्ने गराउने सन्दर्भमा मिति २०७७/०४/३० गते राती १२ बजे देखि मिति २०७७/०५/१५ राती १२ बजे सम्मका लागि काठमाडौं जिल्लाभरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम देहाय बमोजिमका गतिबिधिहरु गर्न निषेध गर्ने गरी आदेश गरीएको छ । प्रस्तुत आदेश विपरीतका कुनै गतिविधि भएमा सोही ऐन बमोजिम कारवाही गरीनेछ ।

निषेधित गरिएका गतिविधिहरु :

- खुल्ला स्थानमा मानिसहरु भेला जम्मा हुन, भीडभाड गर्न, सभा जुलुस गर्न,
- भीडभाड हुने गतिविधि जस्तै जात्रा, महोत्सव संचालन गर्न,
- दैनिक हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक गतिबिधिहरु,
- उद्योग व्यापार/व्यवसाय अन्तर्गतका स्वास्थ्य मापदण्ड विपरीतका क्रियाकलापहरु,
- चाडपर्व लगायतका धार्मिक सांस्कृतिक कार्य गर्नका लागि हुने जमघटहरु ,
- शैक्षिक संस्थाहरु संचालन गर्न,
- सबै प्रकारका सभा, गोष्ठी, तालिम सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, शैलून, ब्यूटी पार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना समूहमा खेलिने खेलकुद र खेल प्रस्तुति, पुस्तकालय, संग्रहालय, चिडियाखाना संचालंन गर्न,
- फुटपाथ, खुल्ला ठाउँ र ठेला गाडा/साइकलमा संचालन हुने विभिन्न व्यवसाय, कवाडी संकलन गर्न,
- उद्योग व्यवसाय संचालनका लागि स्वास्थ्य मापदण्ड विपरीत श्रमिक/कामदारको ओसार पसार गर्न,
- टेक वे बाहेक होटल/रेष्टुराँ सञ्चालन गर्न ।

२०७७।४।३०
जनकराज दाहाल
प्रमुख जिल्ला अधिकारी

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।
फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फ्याक्स नं .०१-४२६२८२८
इमेल :daobabarmahal@gmail.com वेवसाइट: daokathmandu.moha.gov.np